# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/२९ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-----------------------------------------------------------------------

साझा भण्डार सहकारी संस्था लिमिटेड केन्द्रीय कार्यालय भोटाहिटीमा कार्यरत तत्कलिन अधिकृत सुभाषचन्द्र श्रेष्ठले पेश गरेको प्रविणता प्रमाण-पत्र तहको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली भएकाले छानविन गरी आवश्यक कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरी उपर अनुसन्धान हुंदा निज शाखा अधिकृत सुभाषचन्द्र श्रेष्ठले शुरु नियुक्ति तथा बढुवा प्रयोजनको लागि पेश गरेको माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय ईलाहावादबाट सन् १९८७ मा प्रवीणता प्रमाण-पत्र तह (ईन्टरमिडीयट) पास गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली एवं झुठा देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुंदा निज उपर साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा(१) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलब्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिविधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता